Mayor's Office of Immigrant Affairs

# सार्वजनिक भारमा हुन गइरहेका परिवर्तनहरू

**ध्यान दिनु पर्ने कुरा: यो जानकारी सामान्य शैक्षिक प्रयोजनका लागि हो र यो कानुनी सल्लाह होइन**

सार्वजनिक भार नियमका परिवर्तनहरू 20 जुलाई 2026 मा प्रकाशित गरिएका थिए। **अहिले, प्रस्तावित परिवर्तनहरू लागू हुन सक्ने सबैभन्दा चाँडो मिति 18 सेप्टेम्बर 2026 हो**। कृपया कुनै अदालतले यस नियमलाई ढिलाइ गरेमा वा रोकेमा उक्त मिति परिवर्तन हुन सक्छ भन्ने कुरामा ध्यान दिनुहोस्।

यी प्रस्तावित परिवर्तनहरू कसरी कार्यान्वयन गरिने छ भन्ने बारे मार्गदर्शन जारी भएपछि हामी सान्दर्भिक जानकारीसहित सबै स्रोतहरू अद्यावधिक गर्ने छौँ।

थप जानकारीका लागि र विश्वसनीय कानुनी सेवाहरूसँग जोडिनका लागि, कृपया आप्रवासी मामिला सम्बन्धी मेयरको कार्यालय (Mayor's Office of Immigrant Affairs, MOIA) को निःशुल्क र गोप्य अध्यागमन कानुनी सहायता हटलाइनमा कल गर्नुहोस्:
**1-800-354-0365.**

## 1. "सार्वजनिक भार" शब्दको अर्थ के हो?

"सार्वजनिक भार" (Public charge) भनेको कुनै व्यक्तिले ग्रीन कार्ड र/वा केही निश्चित भिसाहरूका लागि आवेदन दिइरहेको समयमा सङ्घीय सरकारले गर्न सक्ने निर्णय हो। यस निर्णयको एक भागको रूपमा, सङ्घीय सरकारले आप्रवासीले प्राप्त गरेका केही सार्वजनिक सुविधाहरूलाई विचार गर्दछ।

यसका साथै, सङ्घीय सरकारले तपाईंको उमेर, स्वास्थ्य, पारिवारिक स्थिति, घरायसी आय, आर्थिक स्थिति र तपाईंको शिक्षा तथा सीपहरू जस्ता अन्य कारकहरूलाई ध्यानमा राख्छ।

सार्वजनिक भार भन्नाले सामान्यतया आफ्ना आधारभूत आवश्यकताहरूका लागि मुख्य रूपमा सङ्घीय सरकारमा निर्भर रहने व्यक्तिलाई बुझिन्छ।

यदि सङ्घीय सरकारले तपाईं "सार्वजनिक भार" हुनुहुन्छ भनी निर्धारण गरेमा, उनीहरूले तपाईंको ग्रीन कार्ड/भिसा अस्वीकार गर्न सक्छन्।

**सार्वजनिक भार परीक्षण सबै आप्रवासीहरूमा लागू हुँदैन। थप जानकारीका लागि, दफा 5 मा जानुहोस्।**

## 2. सार्वजनिक भार समीक्षा प्रक्रियामा हुन सक्ने सम्भावित परिवर्तनहरू:

यस समयमा, कुनै विश्वसनीय कानुनी सेवा प्रदायकसँग कुरा नगरी आफूलाई चाहिने सार्वजनिक सुविधाहरू वा शहरका सेवाहरू प्रयोग गर्न बन्द नगर्नुहोस्।
थप जानकारीका लागि र विश्वसनीय कानुनी सेवाहरूसँग जोडिनका लागि, कृपया MOIA को निःशुल्क र गोप्य अध्यागमन कानुनी सहायता हटलाइनमा कल गर्नुहोस्:
**1-800-354-0365.**
दोभाषे सेवाहरू 200+ भाषाहरूमा उपलब्ध छन्।

| हालको नियम | नयाँ नियम |
|---|---|
| हाल, तपाईं "सार्वजनिक भार" हुनुहुन्छ कि हुनुहुन्न भन्ने निर्णय गर्नका लागि सङ्घीय सरकारले नर्सिङ होम जस्ता दीर्घकालीन स्याहारका लागि सरकार-वित्तपोषित संस्थागत बसोबास र पूरक सुरक्षा आय (Supplemental Security Income, SSI) र खाँचोमा परेका परिवारहरूका लागि अस्थायी सहायता (Temporary Assistance for Needy Families, TANF), लगायतका केही निश्चित प्रकारका नगद सहायता प्राप्त गरेको कुरालाई मात्र विचार गर्छ। | • यो नयाँ नियम लागू भएको छैन। यदि परिवर्तनहरू लागू भएमा, तपाईंको ग्रीन कार्ड/भिसाको आवेदन समीक्षा गर्दा सङ्घीय सरकारले कुनै पनि सङ्घीय, राज्य वा स्थानीय "आय-परीक्षण गरिएको" सार्वजनिक सुविधाहरूको प्रयोगलाई विचार गर्न सक्नेछ।<br>• सङ्घीय सरकारले सामान्यतया "आय-परीक्षण गरिएको" (means-tested) सार्वजनिक सुविधाहरू भन्नाले त्यस्ता कार्यक्रम वा सुविधाहरूलाई बुझ्दछ जहाँ तपाईंको योग्यता तपाईंको व्यक्तिगत वा पारिवारिक आयमा आधारित हुन्छ।<br>• सङ्घीय सरकारले सार्वजनिक भार विश्लेषणमा तपाईंको उमेर, स्वास्थ्य, पारिवारिक स्थिति, घरायसी आय, आर्थिक स्थिति र तपाईंको शिक्षा तथा सीपहरू जस्ता कारकहरूलाई विचार गर्न जारी राख्न सक्छ। |

**सङ्घीय सरकारले यस नियमलाई कसरी कार्यान्वयन गर्नेछ भन्ने बारे थप मार्गदर्शन जारी गर्ने योजना बनाएको छ। यो मार्गदर्शन अझै जारी गरिएको छैन। उपलब्ध हुनासाथ हामी सान्दर्भिक जानकारीसहित सबै स्रोतहरू अद्यावधिक गर्ने छौँ।**

## 3. यदि मैले विगतमा सुविधाहरू प्राप्त गरेको थिएँ तर आज प्राप्त गर्दिनँ भने के न याँ प्रक्रियाले मलाई असर गर्न सक्छ?

- सङ्घीय सरकारले **तपाईंले कहिले सुविधा/सहायता प्राप्त गर्नुभयो भन्ने कुराको वास्ता नगरी** आफ्नो सार्वजनिक भार विश्लेषणमा सरकारी खर्चमा नगद सुविधा वा दीर्घकालीन संस्थागत बसोबासको प्रयोगलाई विचार गर्न सक्छ।
- नयाँ नियमले **नियम लागू हुनुभन्दा अघि प्राप्त गरिएका अन्य अधिकांश सार्वजनिक सुविधाहरूको विगतको प्रयोगलाई** सरकारले विचार गर्न अनुमति दिने छैन।
- यदि तपाईंले हाल "आय-परीक्षण गरिएको सार्वजनिक सुविधा" प्राप्त गरिरहनुभएको छ भने (दफा 2 मा स्पष्ट पारिए अनुसार), **नियम लागू भएपछि पनि तपाईंले ती सुविधाहरू प्राप्त गरिरहनुभयो भने मात्र** सङ्घीय सरकारले आफ्नो सार्वजनिक भार विश्लेषणको भागको रूपमा ती सुविधाहरूलाई विचार गर्न सक्छ। यो मिति 18 सेप्टेम्बर 2026 जति चाँडो हुन सक्छ तर यो परिवर्तनको अधीनमा हुन सक्छ।

**यस समयमा, कुनै विश्वसनीय कानुनी सेवा प्रदायकसँग कुरा नगरी आफूलाई चाहिने सार्वजनिक सुविधाहरू वा शहरका सेवाहरू प्रयोग गर्न बन्द नगर्नुहोस्।**

## 4. यदि मेरो बच्चा वा परिवारका सदस्यले सार्वजनिक सुविधाहरू प्राप्त गरेका छन् वा प्राप्त गरिरहेका छन् भने के ती मेरो विरुद्ध गणना हुन सक्छन्?

- नयाँ नीतिले अधिकारीहरूलाई तपाईंको आश्रितले प्रयोग गरेको सुविधाहरूको आधारमा मात्र सार्वजनिक भारको निर्णय गर्न अनुमति दिँदैन।
- तपाईंको आश्रितले सुविधाहरू प्रयोग गरेको वा प्राप्त गरेको समयमा अधिकारीहरूले अझै पनि तपाईंको घरायसी आयलाई विचार गर्न सक्छन्।
- सङ्घीय सरकारले तपाईंको आश्रितहरूद्वारा सुविधाहरूको प्रयोगको मूल्याङ्कन कसरी गर्नेछ भन्ने बारे थप जानकारी प्राप्त भएपछि हामी यो स्रोत अद्यावधिक गर्ने छौं।
- यस समयमा, कुनै विश्वसनीय कानुनी सेवा प्रदायकसँग कुरा नगरी आफूलाई वा तपाईंको परिवारको सदस्यलाई चाहिने सार्वजनिक सुविधाहरू वा शहरका सेवाहरू प्रयोग गर्न बन्द नगर्नुहोस्।

## 5. यो नियम कसलाई लागू हुन्छ? यो नियम कसलाई लागू हुँदैन?

### सार्वजनिक भार नियम निम्न व्यक्तिहरूमा **लागू हुँदैन;**

✘ अमेरिकी नागरिकताका लागि आवेदन दिइरहेका मानिसहरू;
✘ अमेरिकी नागरिकहरू, जसमा आप्रवासीका अमेरिकी नागरिक बालबालिकाहरू समावेश छन्;
✘ केही मानवीय संरक्षणहरू मार्फत ग्रीन कार्डका लागि आवेदन दिइरहेका मानिसहरू, जस्तै शरण, शरणार्थी स्थिति, T भिसाहरू (मानव बेचबिखनका पीडितहरू), U भिसाहरू (केही निश्चित अपराधका पीडितहरू), महिला विरुद्धको हिंसा ऐन (Violence Against Women Act, VAWA) अन्तर्गत स्वयं-निवेदन दिनेहरू, अमेरिकी सशस्त्र बलका सदस्यहरू र उनीहरूका आश्रितहरू र विशेष आप्रवासी नाबालिग स्थिति भएका युवाहरू

### सार्वजनिक भार नियम निम्न व्यक्तिहरूमा **लागू हुन्छ;**

✔ ग्रीन कार्डहरू र/वा केही निश्चित भिसाहरूका लागि आवेदन दिइरहेका मानिसहरू, जसमा निम्न समावेश छन् तर यसमै मात्र सीमित छैनन्:
✔ परिवारमा आधारित (अमेरिकी नागरिकका केही निश्चित नातेदारहरू, कानुनी स्थायी बासिन्दाहरू (Legal Permanent Residents, LPRs) का केही निश्चित नातेदारहरू)
✔ रोजगारमा आधारित (प्राथमिकता प्राप्त कामदारहरू, दक्ष कामदारहरू, पेसेवरहरू, अन्य कामदारहरू)
✔ विविधता भिसा (DV) आप्रवासीहरू र S भिसाहरू (साक्षी/सूचनादाता)

**यस श्रेणीमा पर्ने मानिसहरूले 1-800-354-0365 मा MOIA अध्यागमन कानुनी सहायता हटलाइन लगायतबाट तत्काल कानुनी सल्लाह लिनु पर्छ।**

## अध्यागमन कानुनी सेवा ठगीबाट सावधान रहनुहोस्

भ्रामक जानकारी र हल्लाहरूबाट सावधान रहनुहोस् किनकि कानुनी अनिश्चितताको समयमा ठगी गतिविधिहरू बढ्छन्। सार्वजनिक नोटरी र अन्य कानुनी सेवा प्रदायकहरूले कहिलेकाहीँ यस्ता समयमा गलत सल्लाह दिएका छन् वा मद्दत खोजिरहेकाहरूलाई ठगी गरेका छन्।

तपाईंको अध्यागमन स्थिति जे भए तापनि तपाईंका अधिकारहरू छन्। यदि तपाईंले कुनै ठगी देख्नुभयो भने उपभोक्ता तथा श्रमिक संरक्षण विभाग (Department of Consumer and Worker Protection) मा उजुरी दर्ता गर्न [nyc.gov/consumers](nyc.gov/consumers) मा जानुहोस् वा 311 मा कल गर्नुहोस्। दोभाषे सेवाहरू उपलब्ध छन्।

## खतराका सङ्केतहरू जान्नुहोस्

निम्न खतराका सङ्केतहरूलाई ध्यान दिनुहोस्, जुन तपाईं अध्यागमन ठगीमा परिरहनुभएको हुन सक्छ भन्ने सामान्य सूचकहरू हुन्। जब तपाईंले भेट्ने व्यक्तिले:

- कानुनी सल्लाह दिन्छ तर वकिल होइन
- प्रत्यक्ष रूपमा भेट्न मान्दैन
- Paypal, Venmo वा Cash App मात्र स्वीकार गर्दछ
- निःशुल्क सरकारी फारामहरूको शुल्क लिन्छ
- सम्झौतामा हस्ताक्षर गर्न मान्दैन
- छिटो नतिजाको प्रतिज्ञा गर्दछ
- खाली फारामहरूमा हस्ताक्षर गर्न भन्छ

**यस समयमा, कुनै विश्वसनीय कानुनी सेवा प्रदायकसँग कुरा नगरी आफूलाई चाहिने सार्वजनिक सुविधाहरू वा शहरका सेवाहरू प्रयोग गर्न बन्द नगर्नुहोस्। थप जानकारीका लागि, कृपया MOIA को निःशुल्कर गोप्य अध्यागमन कानुनी सहायता हटलाइन 1-800-354-0365 मा कल गर्नुहोस्। दोभाषे सेवाहरू उपलब्ध छन्।**